# राष्ट्रिय पुनः निर्माण प्राधिकरणका विविध विषय सम्बन्धी उजुरी सम्बन्धी छानविन प्रतिवेदन

राष्ट्रिय पुनः निर्माण प्राधिकरणसग सम्वन्धी विविध विषयका ३ थान अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०९।०८ को निर्णय तथा च.नं. २४३०१०१४४३ मिति २०७६।०९।०९ को पत्रानुसार छानविन गरी प्रतिवेदन पेश गर्न हामीलाई खटाइएको ।

## १. उजुरीको संक्षिप्त व्यहोरा

१. राष्ट्रिय पुनः निर्माण प्राधिकरण अन्तरगत रहेको केन्द्रिय आयोजना कार्यान्वयन ईकाइबाट विभिन्न छपाई सम्वन्धी बोलपत्र आव्हानमा ( करिव २ करोड लागत अनुमानको ) सार्वजनिक खरिद ऐन, नियम विपरित हुन गएको

२. राष्ट्रिय पुनः निर्माण प्राधिकरण अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा) ज्ञानेश्वर द्धारा DRSP मार्फत निर्माण भईरहेको आठ जिल्लाका प्राविधिकहरुले कामकाज गर्दै आईरहेको विद्यमान अवस्थामा DRSP को Focal Person तोकिएको केन्द्रिय आयोजना कार्यन्वयन ईकाइ (शिक्षा) का सम्पुर्ण प्राविधिकहरुलाई रातारात उपसचिव युवराज पौडेलले जिम्मेवारी मुक्त गराई Project शुरु भएको लगभग २/३ महिना पछि ERMC काठमाण्डौंको परामर्शवाट आएको प्राविधक र निर्माण व्यवसायीहरुको प्राविधकवाट Soil Bearing Capacity-150 Design भएकोमा 100 गराई फर्जि रनिङ्ग विलहरु तयार गरी सम्वन्धित जिल्लाहरुवाट जिल्ला आयोजना कार्यान्वयन ईकाइ(शिक्षा) का ईकाइ प्रमुख र इन्जिनियरहरुलाई ठुलो रकम कमिशन खुवाई केन्द्रिय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा) को उपसचिव युवराज पौडेलको गिरोह र EMRC काठमाण्डौंको मिलेमतोमा करोडौ रुपैया हिनामिना गरेको।

३. राष्ट्रिय पुनः निर्माण प्राधिकरणको बोलपत्रमा माग गरेको ल्यापटपको प्रोसेसर स्पीड न्यूनतम मापदण्ड २.६ गिगाहर्ज हुनु पर्नेमा आपूर्ति कर्ता म्याक्सले आपुर्ति गरेको ल्यापटप २.४ गिगाहर्ज मात्र रहेको। Operating System Factory Installed हुनु पर्ने भनी

Specification मा राखिए पनि त्यो नभएको एवं Input Devices र keyboard पनि तोकिएको मापदण्ड विपरित रहेको छ।

## ३. अध्ययन विधि

छानविनको क्रममा निम्न विधि अवलम्वन गरी छानविन प्रतिवेदन तयार गरिएको छ ।

- उजुरीसँग सम्बन्धित विषयमा राष्ट्रिय पुनः निर्माण प्राधिकरणको कार्यालयमा पुगी सम्वन्धित कागजात माग गरी उपलब्ध गराएका कागजातहरु अध्ययन गरिएको ।
- उजुरीसँग सम्बन्धित विषयमा विभागमा कार्यरत आर्थिक प्रशासन शाखा तथा स्टोर शाखाका कर्मचारीहरुसँग सोधपुछ तथा छलफल गरिएको ।
- राष्ट्रिय पुनः निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यन्वयन इकाई (शिक्षा) एवं केन्द्रिय आयोजना कार्यन्वयन इकाई (भवन) को स्थलगत निरीक्षण गरी सामानको लगत कसरी राख्ने गरिएको छ भन्ने सम्बन्धमा जानकारी लिइएको ।

## ४. छानविनको सीमा

उजुरीको विषयमा केन्द्रित रहेर छानविन टोलीलाई प्राप्त अधिकार क्षेत्र तथा स्रोत साधनको दायराभित्र रही छानविन कार्य सम्पन्न गरिएको छ । राष्ट्रिय पुनः निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यन्वयन इकाई (शिक्षा) एवं केन्द्रिय आयोजना कार्यन्वयन इकाई (भवन)ले उपलब्ध गराएको कागजात तथा सो कार्यलयहरुमा कार्यरत आर्थिक प्रशासन तथा स्टोर शाखाका कर्मचारीहरुसँगको छलफलको आधारमा प्रस्तुत छानविन प्रतिवेदन तयार गरिएको छ ।

## ५. छानविनबाट पाइएको व्यहोराः

**उजुरी नं. १ को सम्वन्धमा**

केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (भवन) को उजुरीको सम्वन्धमा

यस कार्यालयलको मिति २०७६/०९/१५ को च.न. २४३०१०१४५८ को पत्रबाट माग भई आएको व्यहोरा प्राप्त भएको छ। सो अनुसार

१. मिति २०७५ श्रावण ३१ गते निवेदक उत्तम अधिकारीले श्री उच्च अदालत पाटनमा

केन्द्रिय आयोजना इकाई (भवन) वबरमहल प्रत्यक्षी,

का.जि.का.म.पा. वडा नं. ११ स्थित आर.एस.प्रडक्टस एम.एस. प्रिन्टिङ्ग

आदर्श छापाखाना जे.भी

ऐ. ऐ वस्ने ऐ.ऐ. अख्तियार प्राप्त रन्जित चौहान

लाई विपक्षी वनाई "उत्प्रेषण परमादेश लगायत उपर्युक्त आज्ञा आदेश जारी गरी पाँउ" भनि दिएको निवेदन उपर श्री उच्च अदालत पाटन हरिहरभवन ललितपुरको पत्र संख्या २०७५/७६को च.न. ३१४० को मिति २०७५/०८/२१ मा आदेशको/फैसालाको जानकारीमा "यसमा निवेदन माग वमोजिम आदेश जारी गर्नु पर्ने सम्मको अवस्था विद्यमान नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने मिति २०७५/०८/०५ मा आदेश भएको राय कितावबाट देखिएको हुँदा सोही व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ" भन्ने व्यहोराको फैसाला भएको।

## उजुरी नं. २ को सम्वन्धमा

केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (शिक्षा) को उजुरीको सम्वन्धमा

१) केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (शिक्षा) ज्ञानेश्वर काठमाण्डौंको च.नं. २४४ को मिति २०७६/०६/०९ गते प्राप्त प्रतिक्रिया सम्वन्धी पत्र अनुसार

एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित Disaster Resilience of School Project (DRSP) को प्रथम चरण अन्तर्गत ८ वटा जिल्लामा ६७ वटा विद्यालयहरुमा पुनः निर्माण गत आ.ब. मा कार्य शुरु भएको व्यहोरा जानकारी प्राप्त भएको। निर्माण व्यवसायीसँग सम्झौता भईसके पश्चात सम्वन्धित जिल्ला आयोजना कार्यन्वयन इकाई (शिक्षा) मा काम शुरु गराउन लेखिएको पत्रको वुदा नं. २ मा " विद्यालय पुननिर्माण प्राधिकारण कामको रेखदेख र सुपरभिजनका लागि उक्त आयोजनाबाट परामर्शदाताको नियुक्ति गर्न अझै केही समय लाग्ने देखिएकाले त्यस इकाईमा कार्यरत सब ईन्जिनियरलाई प्रत्येक साइटमा पुरा समय परिचालन गरी निर्माण स्थलको तयारी, भवनको Layout गर्ने र Technical Specification एवं सम्झौताको शर्त अनुसार सम्पूर्ण ठेक्का व्यवस्थापन कार्य गर्ने र इन्जिनियरबाट अनुगमन गराई समन्वयात्मक ढङ्गले निर्माण कार्य गर्ने गराउने " उल्लेख भएको देखिन्छ।

यस इकाईको मिति २०७६/०१/०८ को संलग्न पत्रबाट परामर्शदाता नियुक्त भइसकेकोले Full time Supervision परामर्शदाताबाट हुनेहुदा सम्पादन गरेका कार्यको Time Sheet मा उल्लेख गर्न लगाइ सो प्रमाणित गरी पठाउनु पर्ने भनिएको।

माथिको व्यहोरामा परामर्शदाता नियुक्ति गर्न अझै केहि समय लाग्ने देखिएको।

Soil को Bearing Capacity को सन्दर्भमा कुन Adopt गर्ने भनी सम्बन्धित निर्माण व्यवसायीवाट सोधनी भएकोमा Jan 14, 2019 मा इकाई र निर्माण व्यवसायी बीच ५ बुँदे सहमति भएको।

सहमतिहरुः

1. Contractor will propose firms with geo-tech experts name with their CV as soon as possible for visual identification of soil at this stage.

2. CLPIU(Ed) will assess the CV and approve the experts for the task.

3. The experts will submit a field visit plan and schedule to CLPIU(Ed) for approval.

4. The site visit cost of experts will be paid by the contractors' based on the field visit plan and schedule and this will be later borne by CLPIU(Ed) from provisional sums allocated in the contract within ceiling amount as per SCAEF suggested Billing rates.

5. Based on the expert's recommendation, the contractor will precede construction works.

साथै,
Expert Dr. Rishi Ram Parajuli को Field Investigation Report अनुसार विभिन्न विद्यलयहरुको Soil Bearing Capacity को फरक फरक Recommendation देखिएकोले सोहीलाई आधार मानी काम भएकोमा सबै Soil Bearing Capacity 150 नै हुनु पर्ने नदेखिएको र Recommendation को आधारमा केहीमा 150 $Kn/m^2$ तथा केहीमा 100 $Kn/m^2$ भएको देखिएको ।

**उजुरी नं. ३ को सम्वन्धमा**

मिति २०७३/०३/३१ गते कम्प्युटर ईन्जिनियर श्री हरि प्रसाद पोखेलले पेश गरेको प्रतिवेदन समेतलाई आधार मान्दा

१. Branded Desktop Computer ३५ थान तथा LAPTOP २२ थान खरिदकालागि Max International Kathmandu, S.P. Enterprises Babarmahal Kathmandu, The Waves Group Trading Pvt. Ltd. Lainchor Kathmandu, Global Link Technology Pvt. Ltd. Kathmandu, World Distribution Pvt. Ltd. kantipath Kathmandu र Aroma Enterprises Ghattekulo Kathmandu गरी ६ वटा फर्महरु Eligible Bidders को रुपमा देखिन्छन। सो मध्ये न्यूनतम मुल्याङ्कित Max International Kathmandu लाई स्वीकृत गरी खरिद कार्य अगाडी बढाईएको देखिन्छ।

२. माग गरिएको specification अनुसार Backlit Keyboard हुनु पर्नेमा Non-Backlit Keyboard मात्र रहेको।

३. Operating System Genuine Factory Pre Installed हुनु पर्नेमा Installed गरिएको Operating System Microsoft Windows 10 Pro को Genuine Operating System भएको तर Pre Factory Installed नभएको ।

४. 5th generation I7 with 2.6 GHz speed सहितको processor हुनु पर्नेमा 6th generation I7 with 2.4 GHz को Processor रहेको पाईयो।

<u>निष्कर्ष</u>

उजुरी नं. १(केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (भवन)) र उजुरी नं.२ (केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (शिक्षा)) सम्वन्धमा उजुरी सत्यता नदेखिएकाले उजुरी तामेलीमा राखे एवं उजुरी नं.३ (राष्ट्रिय पुनःनिर्माण प्राधिकरण) को सन्दर्भमा सम्मानित अ.दु.अ.आ. ले समेत छानविन गरिरहेको जानकारी प्राप्त भएकोले सो लाई हाल केहि गरिरहन नपर्ने ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/१०/०९ को निर्णयः

राष्ट्रिय पुन: निर्माण प्राधिकरणका विविध विषय सम्बन्धी उजुरीका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानविन प्रतिवेदनउपर छलफल गर्दा कम्प्युटर र ल्यापटप खरीद सम्बन्धी बोलपत्रमा तोकिएको स्पेसिफिकेशन बमोजिमको शर्त र मालसामान स्वीकार गर्दाको शर्त (मूल्याङ्कन) फरक पर्न आएको देखिएकाले यी दुईका बीचमा

भएको फरक रकम कम्प्युटर/ल्यापटप आपूर्तिकर्ताबाट असूल उपर गर्न र आगामी दिनमा स्पेसिफिकेशनमा उल्लेखित मालसामान मात्र स्वीकार गर्न साथै कार्यालयको प्रयोजनका लागि आवश्यक सामानहरुको स्पेसिफिकेशन तयार गर्दा कार्यालयको आवश्यकता , औचित्यताहेरी तथा कुनै निश्चित ब्रान्ड/फर्म/कम्पनीले मात्र प्रतिस्पर्धा गर्न मिल्ने गरी नभई प्रयाप्त प्रतिस्पर्धा हुन सक्ने गरी तयार गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देशन दिई फाइल तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो।